## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरणहरु देहाय बमोजिम रहेको छ ।

(सार्वजनिक गरेको अवधि : आ.व. २०८०/०८१ को चौथो त्रयमास २०८१ आषाढ मसान्त सम्मको)

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी सञ्चालित राष्ट्रियस्तरको "ख" वर्गको वित्तीय संस्था हो । |
| २. | निकायको काम, कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | वित्तीय संस्थामा २०८१ आषाढ मसान्त सम्म ७३८ जना कर्मचारी कार्यरत रहेका छन् र व्यवस्थापन समूह तथा विभागीय प्रमुखहरुको नाम, पद लगायतका विवरणहरु संस्थाको वेबसाईटमा राखिएको छ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम राष्ट्रियस्तरको "ख" वर्गको वित्तीय संस्थाबाट प्रदान गर्न सकिने तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका सम्पूर्ण बैंकिङ्ग सेवाहरु । |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | वित्तीय संस्थाले २०८१ आषाढ मसान्तसम्म कुल ८८ वटा शाखा कार्यालयहरु र १ वटा एक्सटेन्सन काउण्टर मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ र शाखाहरुको विवरण वित्तीय संस्थाको वेबसाइट www.srdb.com.np मा उपलब्ध छ साथै शाखा प्रमुखहरुलाई सम्बन्धित शाखाको जिम्मेवार अधिकारी तोकिएको छ । |
| ६. | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाहरुको शुल्क तथा अवधिको विवरणहरु बैंकको वेबसाइट www.srdb.com.np मा उपलब्ध छ । सेवा प्रदान गर्ने अवधि सम्बन्धमा कामको प्रकृति अनुसार फरक पर्न सक्नेछ । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | कामको प्रकृति र गाम्भिर्यता समेतलाई मध्यनजर गरी विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुबाट गर्न सकिने व्यवस्था मिलाईएको छ । वित्तीय संस्थाको नीतिगत तहमा सञ्चालक समिति र व्यवस्थापकीय तहमा प्रमुख कार्यकारी अधिकृत अन्तिम निर्णयकर्ताको रुपमा रहनु भएको छ । |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा मुख्य व्यवस्थापक पदमा कार्यरत यशोधन पाण्डेयलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ । |
| ९. | सम्पादन गरेको कामको विवरण | यस संस्था राष्ट्रियस्तरको "ख" वर्गको विकास बैंक भएकाले सम्बन्धित ऐन र नियमानुसार गर्नुपर्ने कार्यहरु सम्पादन गर्दै आई रहेको छ । |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम तथा पद | लोकराज पनेरु<br>नायव प्रमुख कार्यकारी अधिकृत<br>सूचना अधिकारी<br><br>प्रकाश पौडेल<br>प्रमुख कार्यकारी अधिकृत |
| ११. | ऐन, नियम, विनियम र निर्देशिकाको सूची | प्रचलित ऐन, नियम, विनियम वा निर्देशिकाहरु लगायतका सूचना तथा जानकारी सम्बन्धित कार्यालयको वेबसाईटबाट प्राप्त गर्ने गरिएको । |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | वित्तीय संस्थाको आम्दानी, खर्च तथा अन्य सम्पूर्ण आर्थिक कारोबार सम्बन्धी वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरी सोही विवरणहरु वित्तीय संस्थाको आधिकारीक वेबसाईट www.srdb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ । |
| १३. | तोकिए बमोजिमका अन्य विवरण | संस्थाले सम्बन्धित नियमनकारी निकायहरु तथा अन्य निकायहरुबाट समेत आवश्यकता अनुसार माग भएको विवरणहरु नियमित रुपमा पेश गर्ने गरिएको र आवश्यक भएको अवस्थामा प्रकाशन समेत गर्ने गरिएको छ । |

| | | |
|---|---|---|
| १४. | अघिल्लो आ.व.मा निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | वित्तीय संस्थाले चालु आ.व. २०८०/०८१ मा मिति २०८०/०८/२३ गते १५औ वार्षिक साधारणसभा सम्पन्न गरेको छ। |
| १५. | सार्वजनिक निकायको वेबसाईटको विवरण | www.srdb.com.np |
| १६. | संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | नभएको। |
| १७. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण | वित्तीय संस्थाले बैंकिङ्ग कारोबार सञ्चालन गरिरहेको तथा समय समयमा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु मार्फत विभिन्न प्रकारका सहयोगहरु प्रदान गर्दै आएको छ। |
| १८. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी | बैंकिङ्ग कारोबारसंग सम्बन्धित तथ्याङ्कहरु प्रचलित ऐन, नियमको अधिनमा रही गरिएको व्यवस्था बमोजिमको अवधिको लागि संरक्षण गर्ने गरिएको छ। |
| १९. | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | गत त्रैयमासमा कुनै सूचना माग भएको छैन। |
| २०. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण | वित्तीय संस्थाको वित्तीय विवरण वार्षिक साधारण सभा पूर्व पुस्तकको रुपमा प्रकाशित गर्ने गरिएको छ भने आर्थिक कारोबार सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशित गरिँदै आएको छ। त्यसैगरी कारोबारको क्रममा सार्वजनिक रुपमा सुसूचित गराउनु पर्ने जानकारी तथा सूचनाहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरी उक्त विवरण/सूचनाहरु वित्तीय संस्थाको वेबसाईटमा समेत राख्ने गरिएको छ। |